जलवायु परिवर्तको प्रभाव: माघमै फुल्यो लाली गुराँस । पृष्ठ ६ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१६, अंक-३० ● २०८० माघ २२ गते सोमबार, ● 05 Feb., 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




## आर्थिक विकास समिति संयोजक रायमाझीलाई प्रवक्ताको जिम्मेवारी

◆ विकास संवाददाता

थाहा नगरपालिकाको विषयगत समिति मध्येको आर्थिक विकास समितिको संयोजक फेरिएका छन् । १८ माघमा भएको थाहा नगरपालिकाको कार्यपालिका बैठकले आर्थिक विकास समितिको संयोजकमा वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझीलाई तोकेको छ ।

यसैबीच नगरपालिकाको प्रवक्ताको जिम्मेवारी पनि रायमाझीलाई नै दिइएको छ । रायमाझीलाई यि दुवै पदको जिम्मेवारी १८ माघकै कार्यपालिका बैठकले दिने निर्णय भएको थाहा नगरपालिकाले जनाएको छ । रायमाझी कार्यपालिका अन्तर्गतको वन, वातावरण तथा विपद व्यवस्थापन समितिको पनि संयोजक हुन् ।

यस अघि वडा नम्बर १ का वडाध्यक्ष हेरमान गोपाली आर्थिक विकास समितिको संयोजक र प्रवक्ता दुवै जिम्मेवारीमा रहेका थिए । कार्यपालिकाले आफूले सम्पादन गरेका कार्य वा निर्णयहरू सार्वजनिक जानकारीमा ल्याउन कुनै



कार्यपालिकाका सदस्यलाई प्रवक्ता तोक्नुपर्ने स्थानीय तहको कार्य सम्पादन नियमावली, २०७४ को नियम १७ मा व्यवस्था छ । प्रवक्ताले कार्यपालिकाको तर्फबाट जारी गर्नुपर्ने सार्वजनिक महत्वको सूचना, वक्तव्य, विज्ञप्ति आदि सार्वजनिक गर्नुपर्ने अधिकार क्षेत्र समेत सोही नियममा उल्लेख छ । त्यस्तै सोही नियममा प्रमुख प्रशासकीय अधिकृतले सूचना अधिकारी तोक्ने व्यवस्था छ । सूचना अधिकारीले कार्यपालिकासंग सम्वन्धित सूचना कानून बमोजिम प्रवाह गर्नुपर्नेछ ।

## मनहरीमा कोल्डस्टोर बनाउन सम्झौता

◆ विकास संवाददाता

मकवानपुरको हाँडीखोलामा कोल्ड स्टोर निर्माण हुने भएको छ । मनहरी गाउँपालिकाले करिब सवा ६ करोडभन्दा बढी लगानी गरी ३ नम्बर वडामा कोल्डस्टोर निर्माण गर्न लागेको हो ।

गाउँपालिकाले हिमालयन नमोवुद्ध जेभीसँग ६ करोड २८ लाख ४५ हजार मा कोल्डस्टोर निर्माण गर्ने सम्झौता गरेको हो । मनहरी गाउँपालिका वडा नंम्बर ३ हाँडीखोलामा कोल्ड स्टोर निर्माण भएपछि त्यस क्षेत्रमा उत्पादित तरकारीको भण्डारण गर्ने र उचित मूल्य प्राप्त भएपछि मात्रै बिक्री गर्ने सुविधा किसानले पाउनेछन् ।

गत जेठ २ गते नै गाउँपालिकाले कोल्ड स्टोर निर्माणका लागि बोलपत्र आह्वान गरेको थियो । गाउँपालिकाको प्राविधिक मुल्याङ्कन अनुरूप कुल ७ करोड ५७ लाख ९६ हजार लागत अनुमान गरिएकोमा हिमालयन नवोवुद्ध जेभीले सबैभन्दा कम ६ करौंड २८ लाख ४५ हजारमा ठेक्का कबुल गरेका थिए । बोलपत्रमा दोस्रो नम्बरमा परेको कम्पनी हिमाल एमएम जेभीलेले ठेक्का सकार्ने कम्पनीविरूद्ध मुद्दा दायर गरेपछि तत्कालीन समयमा सम्झौताको काम हुन सकेको थिएन ।

## वाराही मार्ग निर्माण अभियानमा

# 'एक घर, एक खुट्किलो'

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ६ स्थित बज्रवाराहीमा वाराही पर्यटकीय मार्ग निर्माण सुरू भएको छ । बागमती प्रदेश सरकार, थाहा नगरपालिका र स्थानीयको सहयोग एवं श्रमदानमा वाराही पर्यटकीय मार्ग निर्माण सुरू गरिएको हो । प्रख्यात वज्रवाराही मन्दिर (अजिमा) देखि पुरानो वाराही थान जान ८ सय ५ वटा खुट्किलो सहितको सिँढी निर्माण गरिने जनाइएको छ ।

पर्यटकीय मार्ग निर्माणको शिलान्यास गर्दै थाहा नगरपालिका वडा नम्बर ६ का वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठले बागमती प्रदेशको पर्यटन, संस्कृति तथा सहकारी मन्त्रालय र थाहा नगरपालिकाबाट सहयोगका लागि प्रतिबद्धता प्राप्त भएको जानकारी दिए । उनले मार्ग अन्तर्गत बन्ने ८०५ खुट्किलो सहितको सिँढी निर्माण गर्न 'एक घर, एक सिँढी'को अवधारणासहित अभियान सुरू गरिएको बताए । उनका अनुसार सांस्कृतिकएवं धार्मिक सम्पदाको सरसफाइ एवं संरक्षणको अभियान स्थानीयको सहभागितामा सञ्चालन गरिदै आएको छ ।

मन्दिर क्षेत्रलाई धार्मिक महत्वको पर्यटकीय गन्तव्य स्थल बनाउने गरी विस्तृत परियोजना प्रस्ताव (डिपिआर) अनुसार नयाँ संरचना बनाउने तयारी वडा कार्यालयको अगुवाइमा थालिएको



हो । डिपिआर अनुसार हाल मन्दिर रहेको स्थानसँगैको बज्रवाराही वनको टुप्पो मा अवस्थित पुरानो वाराही थानसम्म पुग्ने सिँढी निर्माणपछि मूर्ति प्रतिसथापन गर्ने योजना रहेको छ । मूर्ति प्रतिस्थापन र मन्दिरसम्म पुग्नेसिँढी निर्माणका लागि करिब दुई करोड रूपियाँ बराबरको लागत अनुमान गरिएको छ ।

सिँढी निर्माण र मार्गमा आठ हजार ४५० वर्गफिट भुइँ निर्माण कार्य प्रदेश सरकारको आठ लाख रूपियाँको लागतमा सुरू गरिएकोछ । वाराही पर्यटकीय मार्ग निर्माण उपभोक्ता समितिका अध्यक्ष हरिगोपाल श्रेष्ठका अनुसार एउटा खुट्किलोको निर्माण सामग्री, ढुवानी खर्च, ज्यालालगायत गरी छ हजार रूपियाँ पर्ने अनुमान गरिएको छ । बज्रवाराही वनको फेदीमा रहेको बज्रवाराही मन्दिर पहिले बज्रवाराही वनको टुप्पोमा रहेको र गुडेर आएर अहिले को अवस्थामा रहेको किंवदन्ती छ ।

मन्दिरमा हरेक तीन वर्षमा वैशाख चण्डीपूर्णिमामा जात्रा लाग्ने गरेको छ । सिँढी निर्माणसँगै वाराही थान रहेको वनको टुप्पोमा बज्रवाराहीको मूर्ति राख्ने योजना रहेको स्थानीय प्रमोदकृष्ण जोशीले बताए । यसअघि वज्रवाराही मन्दिर जाने सिँढी मर्मत र मन्दिर परिसरको जीर्णोद्धार कार्य थाहा नगरपालिक-६ को कार्यालय, नेवा पुचः, बज्रवाराही र स्थानीय समाजसेवी नारायणबहादुर जोशीको सहयोगमा करिब ४० लाख रूपियाँको लागतमा गरिएको थियो ।

हेटौंडा उपमहानगरपालिका १९ नम्बर वडाको सार्वजनिक सन्देश

तपाईंको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका, १९ नम्बर वडा कार्यालय, मकवानपुर



प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

## • सम्पादकीय •

### स्थानीय तहमा खै सिमसार संरक्षणको नीति

सन् २०२४ फेब्रुअरी २ तारिख अर्थात १९ माघमा विश्व सिमसार दिवस मनाइएको छ । यस वर्ष 'सिमसार र मानव कल्याण' भन्ने नारासहित यो दिवस मनाइएको हो । नेपालका अन्य दिवसहरुको तुलनामा छायाँमा राखी मनाइएको झैं हुने गरी सिमसार दिवस मनाइन्छ । सन् १९७१ मा इरानको रामसार शहरमा सिमसार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि भएको थियो । यसैको वार्षिकोत्सवको रूपमा सिमसार दिवस वर्षेनी मनाइदै आएको छ । स्थायी रूपमा वा वर्षाको केही महिना पानीले ढाकिएको इकोसिस्टम भएको स्थानलाई सिमसार भनिन्छ । नेपालमा करिब ७ लाख ५० हजार हेक्टर अर्थात् पाँच प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ । देशभरिमा अति महत्वपूर्ण २४२ वटा सिमसार क्षेत्र रहेका छन् । जसमध्ये नेपालका १० वटा सिमसार क्षेत्रहरू अन्तर्राष्ट्रिय महत्वको रामसार सूचीमा सूचीकृत भएका छन् । मकवानपुरको थाहा नगरपालिकामा ९३ वटा सिमसार क्षेत्र रहेको छ । डिभिजन वन कार्यालय राप्ती मनहरीको तथ्याङ्क अनुसार उसको कार्यक्षेत्र रहेको थाहा नगरपालिकासहित हेटौंडा, भीमफेदी, इन्द्रसरोवर गाउँपालिका, कैलाश र मनहरी गाउँपालिका क्षेत्रमा ९ सय ६६ वटा सिमसार स्थलहरू छन् । यसको कुल क्षेत्रफल ४२४२.७९ हेक्टर रहेको छ । सरकारले राष्ट्रिय सिमसार नीति, २०६९ ल्याएको छ । यो नीतिले दिगो विकास र वातावरणीय सन्तुलनका लागि स्वस्थ सिमसार भन्ने दूरदृष्टि राखेको छ । सिमसार नीतिको लक्ष्य सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन गरी सिमसार जन्य स्रोतको दिगो तथा बुद्धिमत्तापूर्ण उपयोग गर्ने रहेको छ । नीतिले राष्ट्रिय सिमसार समिति गठन गरेर काम गर्न दिशानिर्देश गरेको छ ।

सिमसार संरक्षणमा जनचेतना महत्वपूर्ण छ । जनचेतना वृद्धि भए, जनचासो बढ्छ । बढी जनचासोको विषय राजनीतिक दलको एजेण्डाभित्र पर्छ । तपाईं हाम्रो आवाजले सिमसार संरक्षणमा योगदान गर्न सकिन्छ । तर रेडियो, टेलिभिजन, सामाजिक सञ्जालमा सिमसार संरक्षण सम्बन्धी जनचेतनामूलक सामग्री कमै आउने गर्छन् । सिमसार एक गतिशील, विविधतायुक्त र उर्बर इकोसिस्टम हो । सिमसारलाई जैविक, सामाजिक, पर्यावरणीय र आर्थिक दृष्टिकोणले अति मूल्यवान् प्राकृतिक प्रणालीको अंश मानिन्छ । सिमसारले दुर्लभ र विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई वासस्थान प्रदान गरेको हुन्छ । सिमसारले पानीको स्रोत संरक्षण गर्नुका साथै यसको बहाव र गुणस्तर कायम गर्छ । सिमसार क्षेत्रले सिंचाइ, मत्स्यपालन, पर्या–पर्यटन, कृषि उत्पादकत्व अभिवृद्धिमा सहयोग पुर्याउने लगायत जैविक विविधताको दिगो व्यवस्थापन मार्फत अर्थतन्त्रमा समेत महत्वपूर्ण योगदान पुर्याउँछ । सिमसारले पर्यावरणीय सुरक्षाकवचको रूपमा कार्य गर्दछ । जलवायु परिवर्तन वर्तमान विश्वको प्रमुख मुद्दा बनेको छ । हरेक वर्ष संसारभरिबाट राजनेता, वैज्ञानिक, अभियन्ता लगायत हजारौं विशिष्ट व्यक्ति भेला भई कोप सम्मेलनमा सहभागी हुन्छन् । त्यहाँ सिमसारको विषय जोडिएर आउने गर्छ । जैविक विविधता, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण, जलवायु अनुकूलन, पानीको उपलब्धता, स्थानीय अर्थतन्त्र, आदिवासीहरूको जनजीविका र अन्य धेरै कुराहरूमा सिमसारको योगदान रहन्छ ।

राष्ट्रिय सिमसार नीति, २०६९ लाई जलवायु परिवर्तनको बदलिंदो सन्दर्भमा परिमार्जन आवश्यक भइसकेको छ । संयुक्त राष्ट्रसंघलाई पेश गरिने जलवायु सम्बन्धी नेपालको राष्ट्रिय प्रतिबद्धता पत्र (एनडीसी) मा सिमसारलाई उचित स्थान दिइनुपर्छ । नेपालले हिमालका मुद्दा उठाउँदै गर्दा विश्वसामु सिमसारमा नेपालको हविगत उदाङ्गो नहोस् । राष्ट्रिय सिमसार नीति, २०६९ ले हाल तीन तहको संघ, प्रदेश र पालिकाको संरचनासँग सामञ्जस्य राख्दैन । सिमसार संरक्षणमा स्थानीय तहको भूमिका र जनसहभागिता अति महत्वपूर्ण छ । यसलाई नयाँ सिमसार नीतिले समेट्नु जरूरी छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# प्रत्यक्ष निर्वाचित कार्यकारीको आवश्यकता



◆ श्रीप्रसाद प्रसाई

लोकतान्त्रिक व्यवस्थाकै आधार स्तम्भ मानिने संसदीय प्रणाली ठीक कि बेठीक ? यो सवाल अहिले सर्वसाधारण बीचबाटै उठिरहेको छ । यो अत्यन्त गम्भीर राजनीतिक सवाल पनि हो । विश्वमै सर्वश्रेष्ठ मानिएको लोकतान्त्रिक व्यवस्थामा अपनाइने संसदीय प्रणाली अन्य विकसित मुलुकहरूमा ठीक तर नेपालमा बेठीक कसरी भयो ? यो प्रश्नको जवाफका लागि हामीले विगतदेखि हुँदै आएको हाम्रो संसदीय प्रणालीभित्रकै विद्यमान कार्यशैली तथा संसद्बाटै छानिएको कार्यकारी प्रमुख प्रधानमन्त्रीकै कार्यसञ्चालन प्रक्रियालाई विविध कोणबाट मूल्यांकन गर्नुपर्ने हुन्छ ।

कुनै पनि व्यवस्था आफैंमा सफल र असफल हुँदैन । सञ्चालकले असल नियतले सञ्चालन गरे व्यवस्था सफल बन्छ, खराब नियतले सञ्चालन गरे त्यही व्यवस्था असफल हुन्छ । सञ्चालकहरू मुलुक र मुलुकवासीप्रति इमानदार भए, मुलुकको भलाइ र जनताको हितलाई सर्वोपरी ठाने, विधिवतै राज्य सञ्चालन गरे तथा राजनीतिलाई अवसर नभई सेवा ठानेर मुलुक सञ्चालन गरे व्यवस्था असफल हुँदैन । राज्य हाँक्ने नेताहरू त राज्य सञ्चालनकै पाइलट हुन्, जसको हातमा मुलुकको भविष्य र जनताको समृद्धि रहेको हुन्छ । हाम्रो विद्यमान संसदीय प्रणाली, जननिर्वाचित प्रतिनिधिको कार्य, जनप्रतिनिधिमूलक सर्वोच्च संस्था संसद् र संसद्द्वारा निर्वाचित कार्यकारी प्रधानमन्त्रीकै विद्यमान कार्यशैली जनउत्तर दायि छ कि छैन ? उल्लिखित सार्वजनिक सवालको जवाफ पनि यसैभित्र खोज्नुपर्छ ।

अन्य मुलुकमा लोकप्रिय मानिँदै आएको संसदीय प्रणालीउपर हाम्रोमा प्रश्न उठ्नुको कारण, जनप्रतिनिधिको जनविश्वास प्रतिकूल कार्य तथा लोकतन्त्रले नै उत्पन्न गराएको सर्वाधिकार एवं हैकमवादको मात्रै जड पहिचान गर्ने हो भने उल्लिखित सवालको स्वतः जवाफ आउनेछ । यसैको पृष्ठभूमि बनेको वा कारकतत्व मानिने पक्ष'दयगतमा संक्षिप्त चर्चा गरौं ।

### १. जनप्रतिनिधिको गैरजिम्मेवार कार्यशैली

भविष्य निर्माणको आधारशिला बनून् भन्ने आकांक्षा राखी जनताले जनप्रतिनिधिलाई संसद्मा पुर्याउँछन् । तर, संसद् वा सत्तामा पुगेपछि भने जनप्रतिनिधिको व्यवहार एवं कार्यशैली नै जनहित प्रतिकूल हुनु नै अहिलेको मुख्य समस्या हो । जनप्रतिनिधिले जनतालाई किन धोका दिए ? यसका कारण अनेकौं छन् । जनप्रतिनिधि दलीय शीर्षस्थ नेताकै पछि लाग्ने पछिल्लो प्रवृत्तिले अहिले जनता, जनप्रतिनिधिबाटै उपेक्षित बन्दै आएका छन् । शीर्षस्थ नेतालाई रिझाए सत्ताको सारथी बन्न पाइने, सत्ताले अवसर प्रदान गर्ने, अवसर पाए आफ्नो स्वार्थ पूरा गर्न सकिने उद्देश्यले जनप्रतिनिधि जनता रिझाउने होइन, नेता रिझाउने प्रतिस्पर्धामा लागेका देखिन्छ ? राजनीतिक व्यक्तिको मानसिकता यस्तो हुनुको कारण पनि व्यक्ति प्रभावित राजनीति, राजनीतिलाई लाभको दृष्टिकोणले हेर्ने प्रवृत्ति तथा स्वार्थ केन्द्रित राजनीतिकै बाहुल्यता यसको मुख्य कारण हो । जनताका आवश्यकता समाधान गर्ने, मुलुक र जनताका आधार भूत समस्या समाधान गर्न तथा विकास निर्माणको कार्य गराउन जनप्रतिनिधिको भूमिका महत्वपूर्ण हुन्छ । जनअपेक्षा पूरा गर्नका लागि संसद्मार्फत नै सरकार लाई जिम्मेवार बनाउने दायित्व पनि जनप्रतिनिधिकै हो । तर, दायित्व सम्पादनमा भन्दा निजी स्वार्थमा लुछाचुँडी गर्दा जनप्रतिनिधिहरू आफ्नो कर्तव्यबाटै विमुख बन्दै आएका छन् । लाभ र स्वार्थप्रति नै आकर्षित बन्दै आएका छन् ।

सस्तो लोकप्रियताका निम्ति नैतिकता बन्धकमा राख्न पछि पर्दैनन् । दलीय शीर्षस्थ नेताकै चाकडीदार बनेका छन् । नेताकै इशारमा चल्दै आएका छन् । जनप्रतिनिधिको भूमिका सशक्त सम्पादन गर्न चुकेका छन् । जनआवश्यकताका महत्वपूर्ण विषयवस्तुलाई संसद्मा बहसको विषय बनाउन असक्षम देखिएका छन् । यही पृष्ठभूमिमा आधारित जनप्रतिनिधिको व्यवहारले बहुमतीय राजनीतिलाई सर्वोपरी ठान्दै व्यक्तिविशेषलाई बलियो अनि जनतालाई निर्धो बनायो । संसदीय प्रणालीको आधारस्तम्भ बन्नुपर्ने जनप्रतिनिधिले अन्ततः संसद्लाई नै नेताको कठपुतली बनाए । यही कारणले लोकप्रिय संसदीय प्रणाली नै हाम्रोमा नजरिया र फितलो बन्यो ।

### २. संसद्को व्यक्तिवादी भूमिका

सांसदहरूले जनताका आधारभूत आवश्यकता सम्बोधन गर्ने विविध पक्षसम्बद्ध विषयवस्तुलाई संसद्मा छलफल र बहसको विषय बनाएर कार्यान्वयनमा उतार्ने हो भने संसद् सधैं सक्रिय बन्छ । तर, शीर्षस्थ नेताको मोलाहिजामा यही आधारभूत दायित्वबाटै सांसदहरू बिचलित हुँदै आएका छन् । निर्वाचन क्षेत्रका जनताको आवश्यकतालाई भन्दा शीर्षस्थ नेताको इशारालाई सर्वोपरी ठान्ने सांसदको प्रवृत्तिले सिंगो संसद्कै काम कार्य नेता प्रभावित बन्दै आएको छ । संसद्मा पुर्याइनुपर्ने जनआवाज शीर्षस्थ नेताकै आज्ञाबेगर संसद्मा पुग्न छोडेको छ । कथंकदाचित पुगिहाले पनि नेताको आदेशबेगर त्यो कार्यान्वयनमा नआउने अवस्था छ । नेताको आदेशबेगर लोकप्रिय कार्य पनि संसद्बाट पारित नहुने, नेताकै आदेशमा सांसदहरू चल्नुपर्ने स्थित हाम्रो मुलुकमा छ । यति मात्र होइन, प्रभावशाली दुई–तीनवटा दलकै शीर्षस्थ नेताकै पकडमा संसद्ले आफ्नो कार्य सञ्चालन गर्ने अहिलेको परिपाटी संसदीय प्रणालीविरूद्ध हो ।

यसले हाम्रो संसदीय कार्य सञ्चालन प्रक्रिया विपरीत दिशातर्फ उन्मुख भएको जनाउँछ । यसरी संसद् नै व्यक्ति प्रभावित बन्दा संसद्बाटै छानिएका कार्यकारी प्रमुख प्रधानमन्त्रीलाई संसद्ले नै नियन्त्रण गर्न सकेन । यही पृष्ठभूमिमा नेतामा उदय भएको सर्वशक्तिमान प्रवृत्ति क्रमशः हावी हुँदै आयो । राजनीतिमा स्वेच्छाचारिता र हैकमवाद मौलायो । कार्यकारी प्रमुख प्रधानमन्त्रीले त जनतालाई होइन, व्यवहारमा आफैंलाई सर्वशक्तिमान ठान्दै आए । नेताको स्वेच्छाचारिताको जड पनि दलीय आवरणभित्रबाटै सहयोगीको भूमिकाकै लागि सांसद बनाइएका व्यक्ति र त्यस्तै मानसिकताको बाहुल्यता रहेको संसद्को निरिहता हो । किनकि, संसद् सदस्यहरूमा अधिकांश त नेताकै सहयोगी, चाकडीदार, नातासम्बन्धका र परिआउँदा अन्धोभक्ति दर्शाउने व्यक्तिहरू नै पुर्याइएका छन् । यस्तै व्यक्तिमा हुने कार्यक्षमताको अभाव, मूल्यांकन एवं निर्णायक शक्तिको कमी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीति 'दयगतको गहन अध्ययन विश्लेषणको अभावले हाम्रो संसदीय प्रणालीलाई नै कमजोर तर कार्यकारी प्रमुखलाई बलियो बनाउँदै ल्याएको छ ।

### ३. संसद् सत्ता शक्तिको औजार

संसदीय लोकतान्त्रिक व्यवस्थामा संसद्भन्दा शक्तिशाली अरू केही हुनसक्दैन । राष्ट्रपति, उपराष्ट्रपति, कार्यकारी प्रमुख प्रधानमन्त्री, प्रधानन्यायाधीश तथा प्रतिनिधिसभा र राष्ट्रिय सभाकै अध्यक्षहरू संसद्द्वारा नै छानिने तथा उनीहरूको काम कार्य जनहितकर नभए वा यस्ता पदाधिकारीले आफ्नो पदीय दायित्वउपर नै आँच पुर्याउने कार्य गरे पदमुक्त गराउने शक्तिशाली संस्था पनि संसद् नै हो । संसद्ले यिनै पदाधिकारीमार्फत राज्य संयन्त्रलाई जनअपेक्षा अनुरूपमै परिचालित गराउनुपर्छ । संसदीय प्रणालीको आधारभूत कार्यशैली पनि यही हो । उपल्लोदेखि तल्लो तहको राज्य निकायले कस्तो कार्य गरिरहेको छ ? जाँच्ने निकाय पनि संसद् नै हो । राज्यका प्रमुख अंगहरू कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका पनि संसद्कै नियन्त्रणमा रहनुपर्छ । तर, यिनै राज्यका प्रमुख तीन अंगहरू नै व्यवहारमा कार्यकारी प्रमुख प्रधानमन्त्रीकै नियन्त्रणमा रहेको देखिन्छ । विगतदेखिकै प्रधानमन्त्रीको कार्यकालले यो कुरा पुष्टि गर्दै ल्याएको छ ।

दलीय शीर्षस्थ नेताले पालोफेरोमा स्वार्थको सहमतिमा सिंगो संसद्लाई नै आफ्नो पिछलग्गु बनाउँदै ल्याएका छन् । वास्तवमा दलीय शीर्षस्थ नेताले प्राप्त गर्ने बहुमत व्यक्तिउपरको दलीय बफादारितामा मात्र होइन, सिंगो संसद्कै निस्वार्थ विश्वास र सेवा भावनामा आधारित हुनुपर्छ । यसरी छनोट गर्ने आधार पनि उम्मेदवारको बौद्धिक, नैतिक, जनसेवी भावना, राज्यप्रतिको दायित्व सम्पादन गर्ने क्षमता तथा व्यक्तिको लोकप्रियतासँग

*बाँकी पृष्ठ ३ मा*

## प्रत्यक्ष निर्वाचित.. . .

सम्बन्धित हुनुपर्छ । यस्तै, आधारभूत मापदण्डबाट छनोट भएको व्यक्ति मुलुकको कार्यकारी प्रमुखका निम्ति योग्य ठहरिन्छ । उसबाट सम्पादित कार्य पनि मुलुकका निम्ति प्रशंसनीय बन्नसक्छ । पछिल्लो समयमा विकसित भएको स्वार्थकेन्द्रित राजनीतिले विकास निर्माण तथा सुधार केन्द्रित जनहितको राजनीतिलाई विस्थापित गरिदिएको छ । बहुमतलाई नै राजनीतिक प्रतिष्ठानको आधार मान्ने प्रवृत्तिले, नेताको पिछलग्गु व्यक्तिकै संसद्मा बाहुल्यता रहेको छ । यही धरातलको संसद् निरीह मात्र होइन शीर्षस्थ नेताको औजार बनेको छ । शीर्षस्थ नेतालाई साथ सहयोगीले होइन दक्ष, इमानदार, नैतिकवान् र सिद्धान्तको राजनीतिले सुपरिचित व्यक्तिहरूकै साथ सहयोगले दरिलो बनाउन आममतदाता नै अब जागरूक बन्नुपर्छ । अन्यथा, कार्यकारी प्रमुखको काम कार्य ठीक भएन भनी आलोचना मात्रै गर्नुको औचित्य हुँदैन ।

### ४. कार्यकारी प्रमुखको गलत कार्यशैली

कार्यकारी प्रमुख बनेकै व्यक्तिहरूमा दक्ष, इमानदार, नैतिकवान् तथा सिद्धान्तको राजनीति गर्ने व्यक्तिहरू आफ्ना लागि बाधक हुन् भने संकुचित मानसिकता हावी हुँदै आयो । इशारामा नाच्ने व्यक्तिलाई नै संसद्मा पुऱ्याउन मरिमेट्ने नेताको रणनीतिले जनअपेक्षा सम्बोधन गरेन, न त कार्यकारी प्रमुखले साथ सहयोगीलाई भन्दा मुलुक र जनताकै आवश्यकतालाई महत्व दिए । नकारात्मक कार्य गर्नेलाई प्रोत्साहित गर्ने, आफन्तलाई कानुनभन्दा माथि राख्ने, निर्वाचन क्षेत्रमुखी विकास निर्माण गर्ने, ७७ जिल्लाका नागरिकउपर समान व्यवहार नगर्ने कार्यकारी प्रमुख जनताको नजरमा पहिलेदेखि आलोचित बन्दै आए । कार्यकारी प्रमुखको मानसिकता दलीय परिधिबाट माथि बृहत्तर राष्ट्र र जनताको हितसम्म फैलिन नसक्नु नै अभिषाप बन्दै आयो ।

यसर्थ, संसद्ले नै कार्यकारी प्रमुखलाई शक्तिशाली तर जनतालाई निरीह बनाउने व्यवहार अपनाएको देखिएकाले अहिले प्रत्यक्ष जननिर्वाचित कार्यकारी प्रमुखको आवश्यकतामा जनआवाज उठ्न थालेको हो । कार्यकारी प्रमुख राष्ट्रपति हुन वा प्रधानमन्त्री, प्रत्यक्ष निर्वाचित भए स्वतः जनताउपर जवाफदेही हुन बाध्य हुन्छन् । संघीय संसद्का एक चौथाइ सदस्यले कार्यकारी प्रमुख उपर अविश्वासको प्रस्ताव दर्ता गराए तथा सो प्रस्ताव संसद्को दुई तिहाइ बहुमतले पारित गरे कार्यकारी प्रमुख पदमुक्त हुने व्यवस्था गरिए राष्ट्रहितको कार्य अहिलेको तुलनामा प्रभावकारी बन्नसक्छन् ।

यो अवस्थामा सर्वोच्च शक्तिको स्रोत जनतामै छ भन्ने कुरा व्यवहारमै प्रमाणित हुन्छ । जननिर्वाचित कार्यकारी प्रमुखलाई संसद्ले लगाम लगाउने भएकाले स्वेच्छाचारी कार्य गर्न पाउँदैनन् । कार्यकारी प्रमुखको व्यवहार र कार्यशैली संसद्प्रति उत्तरदायी हुन्छ । नेताकै साथ सहयोगीलाई मात्रै संसद्मा पुऱ्याउने शीर्षस्थ नेताको मानसिकता पनि क्रमशः हट्दै जान्छ । दक्ष, योग्य र इमानदार व्यक्ति नै संसद्मा पुग्छन् । यस अवस्थाको संसद् नेताको कठपुलती हुँदैन ।

# जाडोमा यसकारण सुन्निन्छ हात-खुट्टा

छालामा समस्या आउने मुख्य कारण मौसम परिवर्तन र वातावरण प्रदूषण हुन् । यीमध्ये चिसोले हातखुट्टा रातो हुने, सुन्निने, चिलाउने समस्याले सबैभन्दा बढी सताउने गर्छ । जसलाई चिकित्सकीय भाषामा 'चिलब्लेन्स' वा 'पेर्नेओसिस' भनिन्छ ।

चिलब्लेन्स हातखुट्टाका औंलासँग चिसो, ओसिलो वातावरणको सम्पर्कले हुने छालाको समस्या हो । चिलब्लेन्स भएमा हातखुट्टाका औंलाहरू रातो हुने, चिलाउने, दुख्ने सुन्निने, पानीफोका र पिपका फोकाहरू आउने जस्ता लक्षण देखिन्छन् ।

### कारण

चिसो र चिसो हावाको सम्पर्कमा आउनु यसको प्रमुख कारण हो । यो वंशाणुगत पनि हुनसक्छ । चिसोले छालाको सतह नजिकै हुने मसिनो रक्तनलीलाई कडा पार्छ । र, सोही समयमा तातोमा सम्पर्कमा आउँदा रक्तनली खुम्चिन्छ । जसकारण अक्सिजन राम्रोसँग पास हुनसक्दैन । यी कारणले हातखुट्टा सुन्निन सक्छ ।

छाला सुन्निएर वरपरको नसालाई प्रभावित गर्छ । जसले दुखाइलाई बढावा दिन्छ । तर यस्तो खालको प्रतिक्रिया किन हुन्छ, यसको ठोस आधार पत्ता लागिसकेको छैन । तर यो चिसोमा सम्पर्कमा आउने र पुनः तातो हुने असामान्य प्रतिक्रियासँग सम्बन्धित हुनसक्छ ।

### को बढी जोखिममा ?

यो समस्या जवान र युवास्थाका महिलालाई बढी देखिन्छ । त्यस्तै चुरोट सेवन गर्ने, दुब्लो मानिस, हिमाल आरोहीहरू, चिसोमा काम गरिराख्नुपर्ने किसान, घरायसी काम गरिराख्नुपर्ने महिला, रगत क्यान्सर र बाथरोगका बिरामीमा पनि देखिन्छ ।

### लक्षण

चिलब्लेन्स भएकाहरूमा चिसासँग सम्पर्कमा आएको केही घण्टामा हातखुट्टाका औंला र कानमा चिलाउने, पोल्ने, सुन्निने, छाला रातो रंगकव हुन्छ ।

यस्ता लक्षणहरू २४ घण्टाभन्दा बढी रहने गर्छन् । र, संक्रमण गम्भीर हुँदा पानीफोका र पिपका फोकाहरू आउँछन् । बिस्तारै पानी फोकाहरू फुटेर घाउ हुने र अत्यधिक दुख्ने हुनसक्छ ।

### कति बेला अस्पताल जाने ?

- धेरै दुखाइ
- अत्यधिक पीडा हुने वा पिप बग्न थालेमा
- चिलाउने, औंला सुन्निने, घाउ हुने र पोल्ने समस्या एक साताभन्दा बढी भएमा

### उपचार

यस्ता समस्या हरेक जाडोयाममा देखिन्छ भने त्यसलाई व्यवस्थापन मात्र गर्न सकिन्छ । छालाको हेरचाह नगरे यसले सताइरहने गर्छ । यस्तोमा चिकित्सकको परामर्शमा नाइट्रोग्लिसरिन र स्टेरोइड नामक मलम लगाउन सकिन्छ ।

संक्रमण अलि जटिल भएमा नीफेडीपिन भन्ने रगत नली फैलाउने औषधि चिकित्सकले दिनसक्छन् । चिसोसँग छालाको सम्पर्क हटाएपछि क्रमिक रूपमा सुधार हुँदै जान्छ । र, धेरैजसोमा एकदेखि तीन हप्तामा आफैं ठीक हुन्छ ।

### कसरी बच्ने ?

यसबाट बच्न शरीरको छालालाई सकेसम्म चिसो हावा, पानी र चिसो वातावरणबाट बचाउनुपर्छ । त्यसका लागि पूरा शरीर ढाक्नेगरी लुगा लगाउने, पञ्जा, मोजा लगाउने र बेलाबखतमा मोइस्चराइजर लगाई राख्नुपर्छ । जाडोमा व्यायाम गरिराख्न सकिन्छ । यसले शरीरमा रक्तसञ्चार गराई शरीरको तापक्रम सन्तुलनमा राखी यस्ता समस्या हुन दिंदैन । चिसोमा काम गर्नैपर्ने भएमा काम सुरू गर्नुपूर्व तातो पानीमा हात खुट्टा एकछिन डुबाउने अनि मात्र काम गर्न सकिन्छ ।

# ख्याल गरौं: 'चिसोमा हात-खुट्टाको जोर्नी दुख्दा'

चिसो मौसम मध्ये भइसकेको छ । यसबेला अनेकथरी शारीरिक समस्याले मानिसहरूलाई सताउने गर्दछ । तीमध्ये एउटा साझा समस्या हो, आर्थराइटिस वा गठिया रोग । सामान्यतया जोर्नी दुख्ने समस्या सबै लिंग र उमेर समूहमा देखिने गर्छ । तर ज्येष्ठ नागरिक, बालबालिका र महिलाहरूमा यसको दुखाइ बढी हुने गरेको चिकित्सकहरू बताउँछन् ।

दुईपाङ्ग्रे सवारीका चालक हुन् वा बिहान-बेलुका घरबाहिरको काममा खटिने विभिन्न क्षेत्रमा कार्यरत व्यक्तिमा हातखुट्टाको जोर्नी दुख्ने र सुन्निने समस्याबाट बढी पीडित हुने गरेको हाडजोर्नी विशेषज्ञहरू बताउँछन् ।

### कति प्रकारको हुन्छ आर्थराइटिस ?

सामान्यतया आर्थराइटिस दुई किसिमको हुन्छ । एउटालाई अस्टियो आर्थराइटिस भनिन्छ भने अर्कोलाई रूमेटाइड आर्थराइटिस नाम दिइएको छ । घुँडा, कुहिनो, काँध, हात वा पूरै शरीरको कुनै पनि जोर्नीमा यो समस्या देख्न सकिन्छ । रूमेटाइड आर्थराइटिसमा थकान महसुस हुने एवं रोग प्रतिरोध क्षमता कमजोर हुँदै जाने गरेको देखिन्छ । साथै, भोक नलाग्ने जस्ता समस्या पनि देखिन्छ ।

### जाडोमा किन बढ्छ आर्थराइटिस ?

हाडजोर्नी विशेषज्ञ डा. श्रीकृष्ण गिरी जाडो मौसममा जोर्नीमा हुने तन्तुहरूमा दबाब सिर्जना हुने भएकोले जोर्नीको दुखाइ महसुस हुने बताउँछन् । यसको मुख्य समाधान नै चिसोबाट शरीरलाई जोगाउनु हो । वीर अस्पतालका हाडजोर्नी विभागका पूर्वप्रमुख समेत रहेका डा. गिरीका अनुसार यस मौसममा जोर्नीका तन्तुहरू फुल्छन्, जसले स्नायुमा दबाब सिर्जना गर्छ र दुखाइको महसुस हुन्छ ।

### आर्थराइटिसको लक्षण के-के हुन्छ ?

डा. गिरीका अनुसार आर्थराइटिस भएमा जोर्नी सुन्निनुका साथै हातखुट्टा चलाउन समेत समस्या हुने गर्छ । शरीरको कुनै अंगमा यो समस्या देखियो भने त्यसले शरीरको अरू अंगलाई पनि प्रभावित गराउने जोखिम बढी हुन्छ ।

हड्डीको जोर्नीमा हुने दुखाइ, जकडिएको जस्तो हुनु एवं सुन्निनु नै आर्थराइटिसको मुख्य लक्षण हो । साथै, जोर्नी आसपासको अंग रातो हुँदै जानु, हिँडाइको गतिमा कमी आउनु जस्ता लक्षण पनि देखिने गर्छ । आर्थराइटिसको लक्षण बिहानको समयमा बढी देखिन्छ ।

### जोर्नी सुनिनुलाई सामान्य नसम्झौं

धेरै मानिस चिसो मौसममा जोर्नी सुन्निनुलाई सामान्य मानेर ढुक्क भएर बस्छन् । तर, चिसो मौसममा जोर्नी सुन्निएको वा दुखेको छ भने ढुक्क भएर बस्न नहुने हाडजोर्नी विशेषज्ञ डा. गिरी बताउँछन् । मुटुमा समस्या हुँदा र चिसोले तन्तु सुन्निँदा उस्तै समस्या देखिने भएकाले चिसोको कारणले नै जोर्नी सुनियो भनेर ढुक्क हुनसक्ने अवस्था नरहेको उनको भनाइ छ ।

चिसोका कारण जोर्नी दुखेको हो भने न्यानो कपडा लगाउने र तातो तेल लगाएर सेक्दा दुखाइ कम हुन्छ । अन्यथा दुखाइ यथावत् रहन्छ । चिसोमा यस्तो समस्या लामो समयसम्म देखियो भने मुटुको परीक्षण पनि गर्नु उपयुक्त हुन्छ ।

### जीवनशैली परिवर्तनबाट जोर्नीको दुखाइ नियन्त्रण

यो समस्या चिसो, वंशाणुगत वा अन्य दीर्घरोगको कारण पनि निम्तिने गर्दछ । जोर्नीको दुखाइबाट बच्न भिटामिन डी आवश्यक पर्छ । यसका लागि जतिसक्दो धेरै समय घाममा बस्नुपर्ने चिकित्सकहरूको सुझाव छ । घाममा बस्दा शरीर न्यानो हुने मात्र नभई शरीरलाई आवश्यक भिटामिन डीको मात्रा पनि पाउन सकिन्छ ।






# डलर साट्ने बहानामा सानोपोखरी डाँडाबाट साढे १३ लाख चोरी

◆ विकास संवाददाता

डलर साट्ने बहानामा मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाबाट दुईजना अज्ञात व्यक्तिले साढे १३ लाख रूपैयाँ चोरी गरेर फरार भएका छन् । बागमती प्रदेश प्रहरी कार्यलय, हेटौँडाले दिएको जानकारीअनुसार मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-५ र थाहा नगरपालिका-९ को सिमानामा पर्ने सानोपोखरी डाँडाबाट डलर साट्ने बहानामा १३ लाख ५० हजार रूपैयाँ चोरी गरेर दुईजना व्यक्ति फरार भएका हुन् ।

पर्वत जिल्लाको महाशीला गाउँपालिका-२ घर भएर हाल गोरखा जिल्लाको आरूघाट गाउँपालिका-४ आरूघाट बस्ने २७ वर्षका सजलबहादुर सुनारबाट पहिचान नखुलेका दुई व्यक्तिले १३ लाख ५० हजार रूपैयाँ लिएर फरार भएको प्रहरीले जनाएको छ । पीडित सुनारका अनुसार नामथर नखुलेको कालो टोपी, सेतो ट्राउजर, कालो ज्याकेट, रातो कलरको स्पोर्ट्स जुत्ता लगाएको २६/२७ वर्षको र अर्को कालो ब्याग बोकेको, कालो ज्याकेट, कालो ट्राउजर लगाएको २१/२२ वर्षकोजस्तो देखिने व्यक्तिले डलर साट्ने बहानामा नगद रकम लिएर फरार भएको प्रहरीको भनाइ छ।

ती व्यक्तिले विगत एक महिनादेखि सुनारसँग भेटघाट गर्दै आएको र उनीसँग भएको रूपैयाँ डलर साट्ने बहानामा चोरी गरेर फरार भएका हुन्। उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# मकवानपुरगढीको दुग्ध परिकार हेटौंडामै खान पाइने !

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नंबर २ पुरानो मकवानपुर रोडमा दूध र दूधबाट बनेका परिकारको बिक्री केन्द्रको १७ माघमा उद्घाटन गरिएको छ । अब मकवानपुरगढीका किसानले उत्पादन गरेको दुग्ध परिकार हेटौंडामै किन्न पाइने भएको छ । मकवानपुरगढीमा रहेको



मनकामना दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले खरिद गरेको दूध र दूधबाट बनेका विभिन्न परिकारको आजबाट बिक्री सुरू गरिएको हो ।

बिक्री केन्द्रको मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानले उद्घाटन गरे । सहकारीले हेटौंडामै आएर उपभोक्ताका लागि दुग्धजन्य पदार्थहरू उपलब्ध गराउनु खुशीको कुरा भएको उनले बताए । आफ्नो पालिकामा रैथाने बालीको प्रवर्द्धनका लागि आफू लागिपरेको उनको भनाइ थियो । हेटौंडाका उपभोक्ताहरूलाई सस्तो र गुणस्तरीय परिकार खुवाउने उद्देश्यले सहकारीले पुरानो मकवानपुर रोडमा बिक्री केन्द्र खोलेर उद्टाटन गरिएको

सहकारीका अध्यक्ष अर्जुन दाहालले बताए । बिक्री केन्द्रमा दूध, दही, पनिर, नौनी, मोही, खुवा, छुर्पी समेत खुद्रा तथा थोक मूल्यमा बिक्री सुरू गरिएको सहकारीका व्यवस्थापक शशी लम्सालले जानकारी दिइन् । सहकारीले उद्योग नै खोलेर दूधका परिकारहरू उत्पादन गर्दै आएको छ ।

# कुण्डलदेवीको कारोबार करिब ५ करोड वार्षिक लगानी ३ करोड

◆ विकास संवाददाता




कुण्डलदेवी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २३ औं वार्षिक साधारणसभा भएको छ । थाहा नगरपालिकाको दामनमा प्रधान कार्यालय रहेको संस्थाको साधारणसभा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टको प्रमुख आतिथ्यतामा भएको हो ।

सभामा प्रमुख अतिथी विष्टले सहकारीहरूले बचत तथा ऋणको मात्र कारोबार तिर नलागी उत्पादन मुलक र आम्दानी हुने क्षेत्रमा लगानी बढाउन आग्रह गरे । उनले स्वरोजगार र कृषि तिर झुकाव लगाउन सके थाहा नगरपालिकाको समृद्धिमा कोशेढुंगा सावित हुने उल्लेख गरे । साधारण सभामा आर्थिक वर्ष २०७९/०८० मा संस्थाको सेयर पुँजी ७८ लाख २६ हजार ८ सय रहेको जानकारी गराइएको थियो । वार्षिक कारोबार ४ करोड ८० लाख तथा लगानी ३ करोड रूपैयाँ पुगेको अध्यक्ष शिव कुमार खत्रीको प्रतिवेदन उल्लेख छ । खत्रीले छिटो छरितो भरपर्दो र बिश्वसनिय सेवा प्रदान गर्दै संस्थाले कृषि पर्यटन, व्यापार, वैदेशिक रोजगारलगायतमा सेवा पुऱ्याउँदै अगाडि बढ्ने बताए ।

संस्थाले उत्कृष्ट कारोवार गर्ने सदस्य तथा ज्येष्ठ सदस्यहरूलाई साधारणसभाको अवसरमा सम्मान गरेको छ। ज्येष्ठ सदस्यतर्फ मान बहादुर भोम्जन र रमेश रायमाझी, असल बचत तर्फ शिखर सप्लायर्स, मोहनदाश श्रेष्ठ तथा प्रेम बहादुर मोक्तान भए भने उत्कृष्ट कर्जा तर्फ ईश्वर कार्की, प्रकाश सिलवाल र अनिसा मोक्तान सम्मानित भए । सहकारीको कर्मचारी मध्येबाट उत्कृष्ट कर्मचारी रेजिना गोपाली घोषित भईन् । सबैलाई प्रमुख अतिथी विष्टले सम्मान तथा कदरपत्र वितरण गरेका थिए ।

संस्थाका अध्यक्ष शिवकुमार खत्रीको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिकाका वडा नम्बर ३ का वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझी, संस्थाका सल्लाहकार राजिव स्याङ्तान, नगर कार्यपालिका सदस्य चन्द्रमाया बल, जिल्ला सहकारी संघका कोषाध्यक्ष बिमल कुमार ढकाल, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको उपाध्यक्ष अरूण रायमाझी, सहयोगी बचतका व्यवस्थापक मोहनमान श्रेष्ठ, फरक सोचका अध्यक्ष यादव रायमाझी, थाहा ४ का पुर्व अध्यक्ष दिपक सिंह लामा, थाहा कृषि सहकारीका अध्यक्ष केशव सुनार, पाथिभरा सहकारीका अध्यक्ष नवराज कार्कीलगायतकाको आतिथ्यता रहेको थियो ।

साधारण सभाले अध्यक्ष शिवकुमार खत्रीले पेश गरेको प्रतिवेदन पास गरेको छ । त्यस्तै लेखा सुपरिवेक्षण समिती संयोजक केदार केसी तथा सचिव सिताराम रूम्बा प्रतिवेदन पनि पारित भएको छ ।

# नेपाली सेना हेटौँडा कपडा उद्योग सञ्चालनको तयारी गर्दै

◆ विकास संवाददाता

नेपाली सेनाले हाल बन्द अवस्थामा रहेको हेटौँडा कपडा उद्योग सञ्चालनको तयारी थालेको छ । २३ वर्षअघि बन्द भएको २३६ रोपनी क्षेत्रफलमा फैलिएको यो उद्योग ४८ वर्षअघि स्थापना भएको थियो । तर, राजनीतिक, कमजोर प्रशासनिक र फितलो व्यवस्थापनको सिकार बनेको उद्योग पुनः सञ्चालनको आशा पलाएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले हेटौँडा कपडा उद्योगसहित बन्द रहेका उद्योगहरू पुनः सञ्चालन गर्ने छलफल गर्दै आएका छन् । उद्योग सञ्चालनको घोषणा सरकारले पटक-पटक गर्दै आइरहेको थियो र छ । तर, पुरानो प्रविधिमा जडान भएका मेसिनरी सामाग्रीबाटै उत्पादन थाल्न असम्भव प्रायः देखिएपछि सबै निकाय पछि हट्दै आइरहेका छन् ।

गत आर्थिक वर्षको बजेटमा पनि सरकारले हेटौँडा कपडा उद्योग चलाउने भन्दै बजेट विनियोजन गरेको थियो । यस्तै, सरकारले हेटौँडा कपडा उद्योग सञ्चालनमा ल्याएर उत्पादित कपडाबाट नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको बर्दी उत्पादन गर्ने घोषणा समेत गरेको थियो । तर, सरकारद्वारा विनियोजित बजेटबाट उद्योग पुनः सञ्चालन नहुने देखेपछि सबै निकाय पछि हट्दै आएको औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्त बताउँछन् । नेपाली सेनाले उद्योग चलाउने योजनासहित स्थलगत अध्ययन समेत गरिसकेको छ ।

हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडाको सार्वजनिक सन्देश
तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।
हेटौंडा उपमहानगरपालिका, ११ नम्बर वडा कार्यालय, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# विद्यार्थीलाई छात्रवृत्ति, सहयोगी संस्था र व्यक्तिलाई सम्मान

◆ विकास संवाददाता

जनकल्याण माध्यमिक विद्यालयको ५६ औं वार्षिकोत्सवको अवसरमा आयोजित विविध कार्यक्रमसहितको तीन दिने समारोह समापन गरिएको छ । थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको जिल्लाकै तेस्रो पुरानो विद्यालयले विविध कार्यक्रमसहितको तीनदिने कार्यक्रम २१ माघमा समापन गरेको हो ।

बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा समापन समारोह भएको थियो । कार्यक्रममा प्रमुख अतिथी मन्त्री मोक्तानले बागमती प्रदेश सरकारको शिक्षा नीति करिब अन्तिम चरणमा पुगेको बताइन् । स्थानीय सरकार र संघीय सरकारलाई समन्वय गरेर शिक्षाको कार्यक्रम सञ्चालन गर्ने नीति प्रदेश सरकारको रहेको कार्यक्रममा जानकारी गराइन् । बागमती प्रदेश सरकारले प्रदेश विश्वविद्यालय स्थापना गर्ने पनि सो अवसर मा जानकारी गराइन् । मन्त्री मोक्तानले थपिन–'विश्वविद्यालयले नर्स, डाक्टर लगायत देशको लागि आवश्यक प्राविधिक जनशक्ति उत्पादन गर्नेछ ।' अहिले पनि माध्यमिक तहमा पढाउने प्राविधिक विषयका शिक्षक समेत नपाइने अवस्था रहेको बताउदै मन्त्री मोक्तानले आवश्यक दक्ष जनशक्ति सकेसम्म जिल्लामा नै र नभए पनि प्रदेश भित्र उत्पादन हुनुपर्ने उल्लेख गरिन् । शिक्षालाई सिपसँग जोड्न बागमती प्रदेश सरकारले प्रदेश विश्वविद्यालय खोल्न लागेको उनको भनाइ थियो । गुणस्तरीय शिक्षा अहिलेको आवश्यकता भएको बताउँदै मोक्तानले त्यसको लागि पर्याप्त बजेट विनियोजन गरिएको मोक्तानको भनाइ थियो । पूर्वाधार निर्माण, आवश्यक सामाग्री र जनशक्तिको लागि अनुदानको व्यवस्था प्रदेश सरकारले गरेको उनले दाबी गरिन् ।

समापन समारोहको अवसरमा विद्यालयको उन्नयको लागि योगदान गर्ने संस्था तथा व्यक्तीहरूलाई सम्मान गरिएको छ । सम्मानित हुनेमा प्रधानमन्त्री आधुनिक कृषि परियोजना चितवन, च्वाइस नेपाललाई संस्थागत सम्मान गरिएको छ । प्रमोदकृष्ण जोशी, दिग्विजय बिष्ट र जागृत रायमाझीलाई पनि सम्मान गरिएको हो ।

कार्यक्रममा झलकचन्द्र शिक्षा ज्योती छात्रवृत्तिबाट एसईइ २०७९ मा विद्यालयको तर्फबाट उत्कृष्ट नतिजा ल्याउने र कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रदान गरिएको छ । एसईइमा उत्कृष्ट हुने जुनिला तामाङ, दोस्रो हुने कृति ढकाल र तेस्रो हुने सविता आलेमगर र उत्सव प्रधानलाई छात्रवृत्ति प्रदान गरिएको हो । कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने स्मारिका ढकाल प्रथम, अंकिता कार्की दोस्रो र मल्लिका खत्री तेस्रो हुनेलाई प्रदान गरिएको थियो । छात्रवृत्ति झलकचन्द्र शिक्षा ज्योतिका संस्थापक सुवासचन्द्र बिष्ट र कोषाध्यक्ष बिमलकुमार बिष्टले प्रदान गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजिव कुमार स्याङ्तानको अध्यक्षतामा भएको समापन समारोहमा जनकल्याण एल्मुनाइका अध्यक्ष निरन्जन अधिकारी, पूर्व विद्यार्थी हरीकृष्ण कार्की र पुरूषोत्तम कार्कीले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम शिक्षक राजाराम कार्कीले कार्यक्रम संचालन गरेका थिए । कार्यक्रममा नेपाली काँग्रेस नगर सभापति प्रमोदकृष्ण जोशी, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष बिनोद कुमार लामा, पालुङ बहुउद्देश्यीय सहकारीका लेखा संयोजक कालीचरण बस्नेत, पुर्वविद्यार्थी जनक ढकाल, नगर शिक्षा समिती सदस्य अर्जुन सुनारलगायत पुर्वविद्यार्थीहरू, विद्यार्थी, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । मकवानपुरकै पुरानो विद्यालय मध्येको जनकल्याण माविमा अहिले प्राविधिकतर्फको कृषि बाली विज्ञान समेत अध्यापन हुँदै आएको छ ।




जनकल्याणको ५६ औं वार्षिक उत्सव

## अतिथिलाई मायाँको चिनो 'पुस्तक'

जनकल्याण माध्यमिक विद्यालयले अतिथिहरूलाई मायाको चिनो स्वरूप राष्ट्रिय आविष्कार केन्द्रका संचालक महावीर पुनको पुस्तक "महावीर पुन सम्झना, सपना र अविरल यात्रा" पुस्तक प्रदान गरेको छ । विद्यालयको ५६ औं वार्षिक उत्सव समापन समारोहका अतिथीहरूलाई मायाँको चिनो पुस्तक दिएको हो ।

३० वर्षदेखि बन्द रहेको विरगंज कृषि औजार कारखाना संचालन गर्नको निम्ति पुस्तक बिक्रीबाट रकम संकलन गर्दै आइरहेको पुनको प्रयासलाई उच्च सम्मान गर्दै विद्यालयले मायाको चिनो स्वरूप पुस्तक प्रदान गरेको विद्यालय व्यवस्थापन समिती अध्यक्ष राजिव स्याङ्तानले बताए । उनले विद्यालयको कार्यक्रम भएको हुनाले जीवनमा काम लाग्ने ज्ञानका कुरा प्राप्त गर्न सकिने चिज प्रदान गर्दा प्रभावकारी हुने र वैज्ञानिक पुनको प्रयासमा एउटा सानो सहयोग हुने ठानेर मायाको चिनोको रूपमा पुस्तक प्रदान गरिएको बताए । करिब ३० वर्षदेखि वीरगञ्जमा बन्द अवस्थामा रहेको कृषि औजार कारखाना सञ्चालनको लागि आर्थिक सहयोग जुटाउन पुनले आफ्नो जीवन कथा समेटिएको पुस्तक बेचिरहेका छन् । पुनले बिक्री भएका किताबको सबै रकम कारखाना सञ्चालनमा खर्च गर्ने घोषणा गरेका छन् ।




## माछालाई विष नहाल्न चरालाई पासो नथाप्न थाहाको आग्रह

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले खोलामा माछालाई विष हालेर नमार्न अनुरोध गर्दै सूचना जारी गरेको छ ।

थाहा सरकारले १६ माघमा सूचना जारी गर्दै खोलाहरूमा अनियन्त्रित रूपमा विष हाली करेन्ट लगाई माछा मार्ने गरेकोले त्यस्तो कार्य बन्द गर्न भनिएको छ । यसैबीच चराचुङ्गीलाई पासो थापी मार्ने गरेको पाइएकोले उक्त कार्य समेत नगर्न सूचित गरिएको छ ।

माछा र चरचुरूङ्गी मार्न रोक लगाउनका लागि नगरपालिकामा गुनासो प्राप्त भएको सूचनामा उल्लेख गरिएको छ । कानूनबाट बर्जित यि क्रियाकलापहरू गरेको पाइमा कानून अनुसार कारबाही गरिने सूचनामा उल्लेख गरिएको छ ।

## बृहत शान्ति तथा ध्यान शिविर सकियो

◆ विकास संवाददाता

बोधिचर्य फाउन्डेशनद्वारा आयोजित तीनदिने बृहत शान्ति तथा ध्यान शिविर १९ माघबाट सकिएको छ । शिविर माघ १७ देखि जेसीज हलमा संचालन भएको थियो ।

शान्ति तथा ध्यान सिविरमा थाहानगर भित्रका विभिन्न विद्यालयका शिक्षक र विद्यार्थीहरू गरि ६ सयले सहभागीता जनाएको बोधिचर्य फाउन्डेसन मकवानपुरका अध्यक्ष पवन लामाले जानकारी दिए । भारतको मैसुरबाट आएका गुरूहरू खेन्पो पेमछेरिङ, खेन्पो ग्यालजेन तामाङ र खेन्पो टासीदोर्जे तामाङले ध्यान सिविरमा सहजीकरण गरेका थिए ।




शिविरमा सहभागी विद्यालय तथा स्थानीयलाई फाउन्डेशनका अध्यक्ष पवन लामाले धन्यवाद दिए ।

## वडाध्यक्ष रायमाझीको पहलमा अक्सिजन कन्सलटेटर सहयोग



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ की दम रोगबाट पीडित एक महिलालाई अक्सिजन कन्सलटेटर सहयोग गएिको छ । ३ नम्बर वडाध्यक्ष अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको पहलमा ५८ वर्षिया महिलालाई करिब एक लाख बराबरको अक्सिजन कन्सलटेटर सहयोग गरिएको हो । ति महिला ८ वर्षदेखि दम रोगबाट पीडित हुँदै आएकी थिइन् ।

पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठानको समुदायमा आधारित प्रशामक सेवा कार्यक्रमसंग सहकार्य गरी उक्त कन्सुलेटर प्रदान गरिएको अध्यक्ष रायमाझीले बताए । समुदायमा आधारित प्रशामक सेवा कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा उपचारको लागि सजिलै आउन नसक्ने क्यान्सर, दम लगायत पीडामा छटपटाइर हेका बिरामीहरूको लागि घरमै पुगी स्वास्थ्य चेकजाँच गर्दै आइरहेको छ ।


प्रशामक सेवा संस्थाले थाहा नगर पालिका भित्र १९ वटा यस्ता मेसिन बिर ामीलाई निःशुल्क प्रदान गरिसकेको छ । क्यान्सर जस्ता घातक रोगहरूको उपचार गर्न थाहाका टिस्टुङ स्वास्थ्य चौकी, चित्लाङ, बज्रवाराही, पालुङ र आग्रा स्वास्थ्य चौकीका स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूलाई तालिम समेत प्रदान गर्दै आइरहेको प्रशामक सेवा कार्यक्रम थाहाका प्रमुख चिनिया लामाले बताए ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा



जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# जलवायु परिवर्तको प्रभावः माघमै फुल्यो लाली गुराँस



फोटोः गणेश विष्ट

◆ विकास संवाददाता

मकवानपुरको पर्यटकीय नगरी थाहा नगरपालिकाको दामन क्षेत्रमा पाईने राष्ट्रिय फूल लालिगुँरास यस वर्ष माघमै फुलेर ढकमक्कै भएको छ । विगतका वर्षहरूमा फागुनको अन्तिम सातादेखी फुल्न सुरू गर्ने र चैतमा वनभरी गुराँस फुल हुने गरेपनि यस वर्ष भने माघमा फुलेर अस्थाउन थालेको हो ।

दामन–सिमभन्ज्याङ घुम्न आउने पर्यटकहरूलाई हेटौंडातर्फ अघोर भिरघारी र काठमाण्डौंबाट आउनेलाई टिष्टुङ, चन्द्रागिरि तिरबाटै चैत्र महिनाभरी गुराँसले स्वागत गरेको भान हुन्थ्यो । यस वर्षभने दामन सिमभनज्याङ क्षेत्र र जंङ्गलहरूमा रातै हुनेगरी लाली गुँरास फुलेपछि स्थानीयहरू अचम्ममा परेका छन् । फागुन महिनाको अन्तिम साताबाट भिरपाखाहरूमा ढकमक्क फुल्ने लालीगुँरास अहिले वनैभरी फुलेको छ । गुराँसको फुल मात्र होइन गुराँसको दाउराको प्रयोगबाट अन्य प्रजातिका बिरूवाहरूको दाउराको तुलनामा राप बढी लाग्ने, ताप शक्ति गुँरासको कोईलामा अत्याधिक हुने र गुराँसको रूखको हाँगाबाट विभिन्न कृषि औजारहरूको बिंड बलियो हुने भएकाले यसको प्रयोग हुने गर्दछ ।

समुद्री सतहदेखि १ हजार ४ सय मिटर उचाइदेखि १ हजार ५ सय ५० मिटर उचाइका जंगलमा रहेका बोटमा लालीगुराँस फुल्न थालेको अनुमान गरिएको छ । जलवायु परिवर्तनका कारण फागुन चैतमा फुल्ने लालीगुराँस करीब १ महिना अगावै फुलेको हुनसक्ने जलवायु परिवर्तनका अध्ययेताहरू बताउँछन् । चैतमा हुने तापक्रम फागुनमा, फागुनमा हुने तापक्रम माघमा हुन थालेपछि फागुन चैतमा फुल्ने लालीगुराँस माघ फागुनमा फुल्न थालेको डिभिजन वन कार्यालय धादिङका प्रमुख विष्णुप्रसाद आचार्यले प्रतिक्रिया दिए । उनी भन्छन्–'मुख्यगरी जलवायु परिवर्तनको कारण नै हो भन्न सकिन्छ ।'



## जाडोको समयमा चिसोबाट बचौँ !

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

हेटौडा उपमहानगरपालिका
३ नंम्बर वडा कार्यालय
बसामाडी, हेटौडा, मकवानपुर

## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी